# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जोहाङ्ग, गुल्मी
५ नं. प्रदेश, नेपाल

प.सं.:०७५/७६
च.नं.: १६४४

मिति:- २०७६/०३/१२

**विषय:-विषय विशेषज्ञ सूचीकृत गर्ने सम्बन्धी सूचना ।**

(दोस्रो पटक प्रकाशित मिति:- २०७६/०३/१२)

यस सत्यवती गाउँपालिकाको आधारभूत र माध्यमिक सामुदायिक विद्यालयमा अस्थायी करारमा शिक्षक नियुक्ति गर्नका लागि विषय विशेषज्ञ शिक्षकको आवश्यकता पर्ने भएकोले निम्न उल्लेखित योग्यता पुगेका आवेदकहरुबाट यो सूचना प्रकाशित भएको १५ दिनभित्र यस कार्यालयमा आफ्ना शैक्षिक योग्यता र अनुभवका प्रमाणपत्रको प्रतिलिपि सहित आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ ।

<u>न्युनतम योग्यता:</u>

१. आधारभूत तह (प्रा.वि. र नि.मा.वि.) का निम्ति सम्बन्धित विषयमा शिक्षा संकायमा स्नातक तह वा सो सरह उत्तीर्ण र माध्यमिक तहका निम्ति सम्बन्धित विषयमा शिक्षा संकायमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण भएको हुनुपर्नेछ । तर विज्ञान र गणित विषयको हकमा भने माध्यमिक तहका निम्ति सोही विषयमा स्नातक तह उत्तीर्ण भई मान्यता प्राप्त तालीम लिएकोलाई समेत योग्य मानिनेछ ।

२. जुन तहको विषय विशेषज्ञको लागि आवेदन दिईने हो सो तहमा शिक्षक सेवा आयोगबाट स्थायी शिक्षकको रुपमा सफल भई कम्तिमा २ वर्षको स्थायी शिक्षण अनुभव प्राप्त भएको हुनुपर्नेछ तथा राहत दरबन्दी/करारमा कार्यरत शिक्षकको हकमा ३ वर्षको ~~स्थायी~~ शिक्षण अनुभव प्राप्त भएको हुनुपर्नेछ ।

३. साथै शिक्षा संकाय बाहेकका आवेदकहरुको हकमा मान्यता प्राप्त तालीम लिएको हुनुपर्नेछ ।

<u>आवश्यक कागजातहरु:</u>

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
३. शिक्षक नियुक्ति पत्रको प्रतिलिपि ।
४. शिक्षा पेशामा निरन्तरता खुल्ने विद्यालयको सिफारीस ।

<u>आवेदन दस्तुर –</u>

१. आधारभूत तहको लागि रु. ७००/-,
२. माध्यमिक तहको लागि रु. १०००/-
३. दुवै तहका लागि रु. १७००/-

2076/3/12

प्रमुख प्रशासकीय अधिकृत

यादव भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेबसाइट:- www.satyawatimun.gov.np